# कालिका पावर कम्पनी लिमिटेड

भरतपुर-१०, चितवन
फोन: ०५६-५१७१५८, ०१-४५३०१५२
Email: info@kalikagroup.com, daraudikalikahydro@gmail.com, www.kalikapower.com.np

## विशेष साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित २०८०।०५।२९ गतेको आर्थिक राष्ट्रिय दैनिक)
(दोस्रो पटक प्रकाशित २०८०।०६।०९ गतेको राष्ट्रिय दैनिक)

यस कालिका पावर कम्पनी लिमिटेडको मिति २०८०।०५।२८ गते बसेको सञ्चालक समितिको वैठकको निर्णय अनुसार यस कम्पनीको विशेष साधारण सभा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्नको लागि निम्न लिखित मिति, समय र स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३, को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितीको लागि अनुरोध गर्दछु।

**सभा हुने मिति, समय र स्थान:**

**मिति : २०८०।०६।१३ गते (तदनुसार ३० सेप्टेम्बर २०२३) शनिबार**

**समय: अपरान्ह ११:०० बजे**

**स्थान: कम्पनीको रजिष्टर्ड कार्यलय, चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. १०, भरतपुर चितवन ।**

**छलफलका विषयहरु:**

**क. विशेष प्रस्ताव:**

१. कम्पनीको नियमावलीको नियम २७ (२) संसोधन गर्ने।
२. अख्तियारी प्रदान गर्ने सम्वन्धमा।
३. विविध।

अध्यक्षज्युको आज्ञाले
कम्पनि सचिव

### विशेष साधारणसभा सम्बन्धी अन्य जानकारीहरु:

१. साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता किताब मिति २०८०/०६/०५ गते एक (१) दिन बन्द हुनेछ।
२. नेपाल स्टक लिमिटेडमा मिति २०८०/०६/०४ गतेसम्म शेयर कारोबार गरी नामसारीमा आएका शेयरधनीहरुले मात्र सभामा भाग लिन योग्य हुनेछन्।
३. विशेष साधारण सभा प्रयोजनको लागि भाग लिने शेयरधनी वा प्रतिनिधि महानुभावहरुले सभा हुने स्थानमा राखिएको पुस्तिकामा हस्ताक्षर गर्नु पर्नेछ।
४. शेयरधनी महानुभाव वा प्रतिनिधिज्युहरुको सुविधाको लागि हाजिर पुस्तिका सभा स्थलमा सभा हुने दिन बिहान १० बजेदेखि सभा सञ्चालन रहेसम्म खुल्ला रहनेछ।
५. विषेश साधारण सभामा उपस्थित हुने शेयरधनीहरुले अनिवार्य रुपमा आफ्नो शेयर प्रमाणपत्र वा आफ्नो परिचय स्पष्ट खुल्ने किसिमको फोटो सहितको प्रमाणपत्र साथमा लिई सभामा भाग लिनुहुन अनुरोध छ।
६. संरक्षक रहनुभएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन्।
७. संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयर लगत कित्तामा पहिलो नाम उल्लेख भएको व्यक्ति वा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्रै सभामा भाग लिन पाउनेछन्।
८. अन्य कुनै जानकारीको लागि कम्पनीको रजिर्ष्टड कार्यालय भरतपुर महानगरपालिका वडा नं. १०, चितवन वा कम्पनीको कर्पोरेट कार्यालय कालिका टावर बालुवाटार काठमाडौमा सम्पर्क गर्नुहुन अनुरोध छ।